# विनियोजन ऐन, २०७४

प्रदेश नं. ५, प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
बुटवल, रुपन्देही
नेपाल

# प्रदेश नं. ५, विनियोजन ऐन, २०७४

प्रमाणिकरण मिति
२०७५।०१।०६

**<u>प्रस्तावना:</u>** आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "प्रदेश नं.५ प्रदेश विनियोजन ऐन ,२०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०७४/०७५ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:</u>** आर्थिक वर्ष २०७४/०७५ को निमित्त अनुसूची —१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची —२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. १,०२,०५,००,०००/- (अक्षरेपी एक अर्ब दुई करोड पाँच लाख ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन:</u>** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त अनुसूची —२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची —२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा आर्थिक मामिला

तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ७०५३२ मा विनियोजन भएको रकम अनुदान संख्या ७०५२१ देखि ७०५३७ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. संघीय विनियोजन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले बाँडफाँट गरी निकासा भई आजका मितिसम्म खर्च भएको रकमलाई समेत यसै ऐन बमोजिमको शीर्षकगत रुपमा मिलान गरिएको छ ।

**अनुसूची — १**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधान बमोजिम**

**<u>प्रदेश नं. ५ प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम</u>**

**रु. हजारमा**

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **प्रदेश** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु** | **पूँजीगत** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | ७०५ | २१ | प्रदेश सभा | १२००.०० | - | - | १२००.०० |
| २ | ७०५ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय - ऋण भुक्तानी | १००.०० | - | - | १००.०० |
| | | जम्मा | | १३००.०० | - | - | १३००.०० |

# अनुसूची — २
## (दफा २ सँग सम्बन्धित)
## प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | प्रदेश | अनुदान संख्या | शीर्षकको नाम | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०५ | २१ | प्रदेश सभा | ७६७५९.५० | १२८००.०० | ० | ८९५५९.५० |
| २ | ७०५ | २३ | मुख्य न्यायधिवक्ता | १३०७.४० | ४८५.०० | ० | १७९२.४० |
| ३ | ७०५ | ३१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५७२५६.५० | २९९४९.५० | ० | ८७२०६.०० |
| ४ | ७०५ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १९४३३.०० | १३१४२.०० | ० | ३२५७५.०० |
| ५ | ७०५ | ३३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३११९०.०० | ९९९८.०० | ० | ४११८८.०० |
| ६ | ७०५ | ३४ | उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय | २१२५०.०० | ९०५०.०० | ० | ३०३००.०० |
| ७ | ७०५ | ३५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३८९९९.०० | १००००.०० | ० | ४८९९९.०० |
| ८ | ७०५ | ३६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ६२८००.०० | २४२५००.०० | ० | ३०५३००.०० |
| ९ | ७०५ | ३७ | सामाजिक विकास मन्त्रालय | ५६०८७.०० | १२७५०.०० | ० | ६८८३७.०० |
| १० | ७०५ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय - विविध | १८८०६५.०० | १२५३७८.१० | ० | ३१३४४३.१० |
| | | जम्मा | | ५५३१४७.४० | ४६६०५२.६० | ० | १०१९२००.०० |